# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

## लुम्बिनी विकास कोष ऐन, २०४२ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** लुम्बिनी विकास कोष ऐन, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C22

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लुम्बिनी विकास कोष (पहिलो संशोधन) ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा २ मा संशोधन : लुम्बिनी विकास कोष ऐन, २०४२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को:-

(१) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन्:-

"(च१) "उपाध्यक्ष" भन्नाले कोषको उपाध्यक्ष सम्झनु पर्छ।

(च२) "कोषाध्यक्ष" भन्नाले कोषको कोषाध्यक्ष सम्झनु पर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "सदस्य" भन्नाले संचालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सदस्य-सचिव, कोषाध्यक्ष, उपाध्यक्ष र अध्यक्ष समेतलाई जनाउँछ।"



538

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

३. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को शुरुमा रहेका "कोषको उद्देश्य" भन्ने शब्दहरु पछि "श्री ५ को सरकारको स्वीकृत नीति अन्तर्गत रही" भन्ने शब्दहरु थपिएका छन्।

४. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को:-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) संचालक समितिमा श्री ५ को सरकारबाट मनोनीत देहाय बमोजिमका सदस्यहरु रहने छन्:-

(क) शिक्षा तथा संस्कृतिमन्त्री- अध्यक्ष

(ख) श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति- उपाध्यक्ष

(ग) श्री ५ को सरकारका सचिवहरु मध्येबाट तीनजना सचिवहरू- सदस्य

(घ) सरकारी संस्था, गैर सरकारी बौद्ध संस्था र ख्याती प्राप्त विशिष्ट विशेषज्ञहरु मध्येबाट चारजना- सदस्य



५३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अन्तर्राष्ट्रिय
संस्थाहरूका प्रतिनिधिहरू
र मानव निर्मित सम्पदा
संरक्षणमा ख्याती प्राप्त
व्यक्तिहरू मध्येबाट
चारजना- सदस्य

(च) श्री ५ को सरकारले
मनोनीत गरेको व्यक्ति-कोषाध्यक्ष

(छ) श्री ५ को सरकारले
मनोनीत गरेको
व्यक्ति- सदस्य सचिव"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उप-दफा (२) बमोजिमका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।"

५ <u>मूल ऐनको दफा ९ मा संशोधन</u> : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेको "अध्यक्ष" भन्ने शब्द पछि "उपाध्यक्ष, कोषाध्यक्ष," भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) सदस्यले दिएको राजीनामा श्री ५ को सरकारले स्वीकृत गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिने छ।"

(३) उपदफा (४) झिकिएको छ।

६. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) संञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।"

(२) उप-दफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:-

"(४)सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा संचालक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८ २८

७. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ को तेश्रो हरफमा रहेका "पंचायत तहबाट" भन्ने शब्दहरूको सट्टा "निकायबाट" भन्ने शब्द राखिएको छ।

८. <u>खारेजी</u> : मूल ऐनको दफा ७ र दफा १० खारेज गरिएका छन्।

लालमोहर सदर मितिः– २०४८।७।२८।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
...मात्र लागु हुनेछ।

८३८